# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ७३) काठमाडौं, जेठ १५ गते, २०८० साल (अतिरिक्ताङ्क ४**

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

**<u>मूल्य अभिवृद्धि कर (पच्चीसौं संशोधन) नियमावली, २०८०</u>**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (पच्चीसौं संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन:** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (१) को ठाउँ ठाउँमा रहेका "वस्तुको हकमा" भन्ने शब्दहरूको सट्टा "वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल नियमावलीको नियम ७ मा संशोधन:** मूल नियमावलीको नियम ७ को ठाउँ ठाउँमा रहेका "वस्तुको हकमा" भन्ने शब्दहरूको सट्टा "वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल नियमावलीको नियम ७क. मा संशोधन:** मूल नियमावलीको नियम ७क. को उपनियम (४) पछि देहायका उपनियम (५), (६) र (७) थपिएका छन्:-

"(५) उपनियम (४) बमोजिम निवेदन प्राप्त भएमा करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण तथा अन्य कागजात सम्बन्धित कर अधिकृतले जाँचबुझ गरी पन्ध्र दिनभित्र अस्थायी दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(६) उपनियम (२) बमोजिम निवेदकले राखेको धरौटी उपनियम (४) बमोजिम बुझाउनु पर्ने मूल्य अभिवृद्धि करमा मिलान गर्न पाउनेछ।

(७) उपनियम (५) बमोजिम जाँचबुझ गर्दा थप कर निर्धारण हुन गएमा निवेदकलाई कर दाखिला गर्न तीन दिनको सूचना दिइनेछ। सो अवधिभित्र निवेदकले कर दाखिला नगरेमा निजले धरौटी राखेको रकमबाट असुल गरिनेछ र सो रकमबाट पनि नपुगेमा बाँकी रकम आयोजकबाट असुल गरिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीको नियम १६क. मा संशोधनः** मूल नियमावलीको नियम १६क. को खण्ड (च) मा रहेको “टेलिफोन” भन्ने शब्द झिकिएको छ।

६. **मूल नियमावलीको नियम २६ मा संशोधनः** मूल नियमावलीको नियम २६ को उपनियम (३ख) को सट्टा देहायको उपनियम (३ख) राखिएको छः-

“(३ख) छापा, विद्युतीय, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह र वार्षिक एक करोड रूपैयाँसम्मको कारोबार गर्ने करदाताले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ।”

७. **मूल नियमावलीको नियम ४५ को संशोधनः** मूल नियमावलीको नियम ४५ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

“(४) ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (क१) र (क२) बमोजिमको कर फिर्ता विद्युतीय माध्यमबाट स्वचालित रूपमा गरिनेछ। यस सम्बन्धी कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।”

८. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-८ मा रहेका खरिद खाताको महल नं. ५ (खरिद/पैठारी गरिएका वस्तु वा सेवाको विवरण) र महल नं. ६ (खरिद/पैठारी गरिएका वस्तुको परिमाण) झिकिएका छन्।

(२) अनुसूची-९ मा रहेका बिक्री खाताको महल नं. ५ (वस्तु वा सेवाको नाम), महल नं. ६ (वस्तु वा सेवाको परिमाण) र सो अनुसूचीको अन्त्यमा रहेको नोट झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।